आज मिति २०८२ साल जेष्ठ १३ गते मंगलबार नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ४६ (छयालीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सचिव एवं प्रमुख प्रशासकीय अधिकृत: श्री कृष्ण गिरी

**निर्णयार्थ पेश भएका विषयहरु:**

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. योजना संशोधन सम्बन्धमा।
३. निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
४. अनुरोध गर्ने सम्बन्धमा।
५. विविध।

**निर्णयहरु:**

**निर्णय नम्बर १:**

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

**निर्णय नम्बर २:**

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनमा विनियोजन भएको र छैटौं अधिवेशनमा संशोधन भएका वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा उल्लेख भएको वडा नम्बर ०८ अन्तर्गतको वडागत योजना मिति २०८१/१०/१५ गतेको वडा समितिको निर्णय अनुसार संशोधन गरी मिति २०८१ साल असोज १० गते देखि १२ गतेसम्म परेको अविरल तथा भिषण वर्षात पश्चात आएको बाढी तथा पहिरोका कारणले क्षति भएका सडकहरु मर्मत सम्भार शिर्षकमा विनियोजन गरिएको रकम रु १२.००,००० (अक्षेरुपी बाह्र लाख) लाई मिति २०८१/११/२५ गतेको वडा समितिको सडक मर्मत सम्भार शिर्षकमा रकम रु. ७,००,००० (अक्षेरुपी सात लाख) र राकम रु. ५,००,००० ( अक्षेरुपी पाँच लाख) डराउने पोखरी स्वास्थ्य चौकीको भवन संरक्षण तथा पहिरो नियन्त्रण शिर्षकमा विनियोजन गरिएको हुँदा सोही बमोजिम गर्ने।

**निर्णय नम्बर ३:**

नमोबुद्ध नगरपालिकाको नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा मिति २०८२/०२/१२ गते बसेको नगरस्तरीय राजनीतिक दलहरुसँगको सर्वदलीय बैठक र सोही दिन बसेको काभ्रेपलाञ्चोक जिल्ला भित्रका पालिकाहरु बीचको अन्तरपालिका बैठकमा भएका निर्णयहरु अनुमोदन गर्ने।

निर्णय प्रमाणीकरण

निर्णय नम्बर ४:

नमोबुद्ध नगरपालिका स्थित भकुण्डे बजार क्षेत्रमा निर्माण सामाग्री ढुवानी गर्ने १०/१२ चक्के लगायतका ठुला सवारी साधनहरुलाई काभ्रेभन्ज्याङबाट प्रवेश गर्न नदिएको हुँदा व्यवसायी रुपमा उपभोक्तालाई मार पारेको र सो सन्दर्भमा व्यापक जनगुनासो प्राप्त भएको हुँदा निर्माण सामाग्री ढुवानी गर्ने ठुला साधनहरु धुलिखेलबाट वि.पी. राजमार्गमा प्रवेश गरी सकेपछि विना अवरोध आवत जावत गर्न पाउने व्यवस्था मिलाउनका लागि सम्बन्धित निकाय अनुरोध गर्ने।